जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४ २०८२ साल साउन ३० गते शुक्रबार (15 Aug 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नयाँ र युगान्तकारी काम गर्न .. ३ पृष्ठमा : 'एआई नीति, २०८२. ३ पृष्ठमा : सङ्क्रमित फेन्टानिलका कारणे...

# खडक नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई स्पष्टिकरण सोध्दा विवाद




**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सप्तरीको खडक नगरपालिकाका नगरप्रमुख जयप्रकाश चौधरीले प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुलाई स्पष्टिकरण सोधेका छन् ।

नगरप्रमुख चौधरीले मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रयोगशालाबाट प्राप्त ल्याब उपकरण प्रयोगबाट हुने राजस्व अनलाइन बिलिङ मार्फत नगरको राजस्व खातामा जम्मा हुँदै आएकोमा साउन १ गतेदेखि अफलाईन बिलिङ भएको बारेमा स्पष्टिकरण सोधेका हुन् ।

बिहीबार सोधिएको स्पष्टिकरणमा अफलाईन बिलिङबाट सो राजस्व कहाँ, कुन खातामा र कति रकम जम्मा भएको हो ? भन्ने स्पष्ट पार्न भनिएको छ ।

यस्तो भएको जानकारी पाएपछि पनि कार्यवाही कीन अघि बढाइएन वा मिलेमतोमा सरकारी राजस्व हिनामिना भएको हो भन्ने प्रश्न समेत स्पष्टिकरण पत्रमा गरिएको छ ।

यता नगर प्रमुखको यो स्पष्टिकरण मागसहितको पत्र खडक नगरपालिकाको आधिकारिक फेसबुक पेजमा सार्वजनिक भएपछि प्रमुख प्रशासकीय अधिकृत सोनुले पनि प्रतिक्रिया दिएका छन् ।

उनले नगरप्रमुखको पत्रबारे ध्यानाकर्षण भएको बताउँदै, ल्याब उपकरण प्रयोग तथा राजस्व सम्बन्धी निर्णय नगर प्रमुखकै संरक्षकत्वमा रहेको संचालक तथा व्यवस्थापन समितिले गरेको बताए ।

उक्त समितिको अध्यक्ष वडा नं ७ का वडा अध्यक्ष राकेश कुमार साह, सदस्य सचिव प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख सजन लाल साह रहेको र अनलाईन बिलिङ विपरीत अफलाईन बिलिङ गर्ने निर्णय समितिबाट भएको उनको दाबी छ ।

प्रमुख सोनुले समितिको संरक्षक नगरप्रमुख स्वयम् भए पनि समस्याको समाधानका लागि आफूलाई कुनै निर्देशन वा जानकारी नगरिएको आरोप लगाए ।

स्पष्टिकरण मार्फत प्राप्त जानकारीका आधारमा संलग्न सबै पक्षमाथि कानुनअनुसार आवश्यक कारवाही अघि बढाउने प्रमुख प्रशासकीय अधिकृत सोनुले बताए ।

# बृद्धको हत्या आरोपमा दुई जना पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २९ साउन ।**

सिरहाको धनगढीमाई नगरपालिका वडा नं. ११ आमटोल बस्ने लहान नगरपालिका वडा नं. २४ मल्हनामाका ८८ वर्षीय वृद्ध फनिलाल यादवको हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका वडा नं. २ भवानीपुरका ३३ वर्षीय महेश चौधरी र १९ वर्षीय प्रशान्त मण्डल रहेको छन् ।

उनीहरुले चोरी गर्ने उद्देश्यले गएको र घरभित्र छिरेपछि ती वृद्ध हल्ला गर्ने थालेपछि हत्या गरेको अनुसन्धानमा खुलेको सिरहा प्रहरी प्रमुख एसपी अनन्तराम शर्माले बताए ।

चौधरीको साथमा रहेको खुकुरी प्रहार भएको प्रहरीले जनाएको छ । खुकुरी र चप्पल घटनास्थलबाट बरामद भएको छ ।

फनिलालको साउन १४ गते हत्या भएको थियो । सीसीटीभी फुटेज र हत्या भएको ठाउँमा छुटेको चप्पललाई पन्छाउँदै जाँदा साउन २३ गते आरोपित मण्डल पक्राउ परेका थिए । मण्डलले दिएको बयानका आधारमा चौधरी २७ गते पक्राउ परेको हो ।

इलाका प्रहरी कार्यालय लहान, जिल्ला प्रहरी, मधेस प्रदेश र केन्द्रीय अनुसन्धान टोलीले संयुक्त रूपमा छानविन गरिरहेको एसपी शर्माले बताए । जिल्ला अदालतबाट कर्तव्य ज्यान कसुरमा सात दिनको म्याद थप भई अनुसन्धान भइरहेको उनले सुनाए ।

# दुई फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सप्तरी प्रहरीले फैसला कार्यान्वयनको शिलसिलामा अदालतबाट कैद जरिवाना तोकिएका दुई जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मोटरसाइकल चोरी मुद्दामा ६ महिना कैद र १ हजार २ सय जरिवाना तोकिएका राजविराज १० निवासी शम्भु यादव छन् । त्यस्तै सवारी ज्यान मुद्दामा एक महिना कैद सजाय तोकिएका सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ निवासी अनिल कुमार पण्डित पक्राउ परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरि बिहीबार सप्तरी जिल्ला अदालतमा दाखिला गराएको जनाएको छ ।

# मधेशमा भूगर्भीय पानीको अध्ययन हुने



**दैनिक समाचारदाता**
**जनकपुर, २९ साउन ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले भारतको जलशक्ति मन्त्रालयका प्राविधिक विज्ञहरुसंग बिहीबार भेटघाट गरेका छन् ।

भारतीय तीन सदस्यीय प्रतिनिधिमण्डलसँग मधेश प्रदेशको जलसंकटबारे मुख्यमन्त्री सिंहले छलफल गरेका हुन् । टोलीले भूगर्भीय पानीको अवस्थाको विस्तृत मूल्याङ्कन गरी पानीको अभाव समाधानका उपायहरूबारे सुझाव दिने मुख्यमन्त्रीको प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिए ।

उनले भारतीय प्रतिनिधिमण्डलमा जल शक्ति मन्त्रालयका प्राविधिक विज्ञहरू आशिष पाण्डे, जगदम्बा प्रसाद र प्रसान्त राय सहभागी भएको बताए ।

प्रतिनिधिमण्डलले मधेश प्रदेशका विभिन्न जिल्लामा पुगेर भूगर्भीय पानीको अवस्थामाथि आवश्यक अनुसन्धान गर्ने कार्यक्रम रहेको बताईएको छ ।

मुख्यमन्त्री सिंहले प्रतिनिधिमण्डलको अनुसन्धान तथा सुझावले प्रदेशमा दिगो पानी व्यवस्थापन र भू-जल

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### महिलासँग पुरुषको सहकार्य आवश्यक

अहिले दाइजो प्रथाका कारण महिलाहरुले निकै दुःख कष्ट भोग्नु परिरहेको छ । ती दुःख कष्टका कारण कतिले त ज्यानै दिनुपर्ने अवस्था समेत आएको देखिएको छ । विवाह बन्धनलाई किनबेचको अवस्था सम्म ल्याई पुऱ्याउने समाजका लागि दुःखदायी र चिन्ताको विषय हो । अधिकांश विवाहमा दाइजोको लेनदेन भएर मात्रै वैवाहिक सूत्र बन्धनमा बाँध्ने गरेका छन् । भन्नै पर्दा लेनदेन बिना विवाह असम्भव जस्तै भएको छ ।

पुरुषको शैक्षिक स्तर र आर्थिक अवस्थाका आधारमा उसको दाइजोको मोल तय हुने गरेको पाइन्छ । जति धेरै पढेको वा जति धेरै आर्थिक रुपमा सम्पन्न, त्यति धेरै दाईजोको माग । दाइजो दिन नसक्ने अवस्था भएको कतिपय अभिभावकहरु छोरी जन्माउनु परेकामा आफ्नो कर्मलाई सराप्छन् ।

अहिले महिलामाथिको हिंसा बढेको बढै छ र त्यसमाथि दाइजो रुपी हिंसाले महिलाहरुलाई अझै पीडामा पारेको छ । तसर्थ महिलाहरुले सशक्त भई यस्ता विकृति विरुद्ध कम्मर कसेर लाग्नुपर्ने समय आएको छ । महिलाहरुको यस्तो कार्यमा पुरुषहरुले पनि समन्वय र सहकार्य गरेर अगाडी बढे पक्कै पनि दाइजो जस्तो विकराल अवस्थालाई जडैबाट उखाल्न मद्दत पुग्ने छ ।

# नयाँ र युगान्तकारी काम गर्न मन्त्रीहरुलाई प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, २९ साउन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ र युगान्तकारी (गेम चेन्जर) काम गर्न सबै मन्त्री र सचिवहरुलाई निर्देशन दिनुभएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादकत्व बढाउने र गरिबीको दुष्चक्रबाट मुलुकलाई बाहिर ल्याउने गरी तीव्रताका साथ कानम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आगामी मङ्सिरभित्र दैलेखको मिथेन ग्यासको परीक्षण उत्पादन गराउन, चीनमा निर्यात गर्नेगरी सबै किसानलाई व्यावसायिक भैंसीपालन गराउन, खेतीमा अर्ग्यानिक अभियान सञ्चालन गर्न, सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन, ज्येष्ठ नागिरक संवाद भवन बनाउन, दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै आयोजना गर्न, कीर्तिपुर क्रिकेट रङ्गशाला छिटो निर्माण सक्न तथा भक्तपुरमा ठूलो रङ्गशाला निर्माणको तयारी गर्न सम्बन्धित मन्त्रीहरुलाई ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्री ओलीले अन्तरिक्षमा नेपालको आफ्नै अर्बिटलाई उपयोग गर्न, आफ्नै रेल र सेक्युरिटी प्रेस सञ्चालनमा ल्याउन आग्रह गर्दै रेल्वे विस्तार गर्न, सुनकोसी-मरिन, भेरी-बबई तथा काठमाडौँ/तराई मधेस द्रुत मार्गजस्ता आयोजनाको काम छिटो सक्न, योग-आरोग्यताको अभियान सञ्चालन गर्न र मापदण्डका आधारमा कर्मचारीको सरुवा गर्न समेत मन्त्रीहरुलाई आग्रह गर्नुभयो ।

"मेरा यी कुराहरु प्रतिनिधिमूलक मात्रै हुन्, एवं रितले सबै मन्त्रीहरुले आफ्नो मन्त्रालयमा के नयाँ र परिवर्तनकारी काम गर्न सकिन्छ योजना बनाउनुस्, आउने भदौको अन्तिमतिर फेरि बसेर त्यस्ता काम निर्धारण गरेर अगाडि बढौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "मौलिक ढङ्गले हामी अघि बढ्नुपर्छ । साँच्चै माइलस्टोन हुने खालका काम गरौँ ।"

कार्यक्रममा चालु आर्थिक वर्ष २०८२/८३ मा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका विषयमा प्रधानमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन सम्झौता भएको थियो । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ गरिएको हो ।

# 'सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत

काठमाडौँ, २९ साउन (रासस) ।

प्रतिनिधि सभाको बिहीबारको बैठकले 'सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।

यसअघिको बैठकमा गणपुरक सङ्ख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन बाँकी उक्त प्रस्ताव बिहीबार स्वीकृत गरिएको सभामुख देवराज घिमिरेले बताउनुभयो । बिहीबारको कार्यसूचीमा रहेको पानी जहाजसम्बन्धी विधेयकको कार्यक्रम हटाइएको उहाँले जानकारी गराउनुभयो ।।

यसअघि विशेष समयमा बोल्दै नेपाली काँग्रेसकी सांसद सीता मिजारले प्राकृतिक प्रकोपको जोखिममा दलित तथा विपन्न वर्ग पर्ने गरेको बताउनुभयो । उहाँले दलित र उत्पीडित वर्गका धेरै नागरिकले संविधानले प्रत्याभूत गरेको मौलिक हकको उपयोग गर्न नपाएको बताउनुभयो । उहाँले भन्नुभयो, "एकाध बाहेकले चरम गरिबी र अभाव भोगिरहेका छन् । भूमिहीन दलितले आजसम्म पनि एक टुक्रा जमिन पाएका छैनन् । दलित र भूमिहीनहरुलाई जमिनको व्यवस्था सरकारले गरोस् ।" उहाँले सरकारी स्वामित्वमा रहेका नेपाल औषधि लिमिटेड र सिंहदरबार वैद्यखानाको संरचनागत र जनशक्तिको पाटोमा सबलीकरण गर्नुपर्ने बताउनुभयो ।

# 'बाल सङ्गठनलाई पुनर्जीवित गराउन प्रदेश सरकारले सहयोग गर्ने'

मोरङ, २९ साउन (रासस) ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल बाल सङ्गठनलाई पुनर्जीवित गराउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धा जनाउनुभएको छ ।

नेपाल बाल सङ्गठन नक्साल काठमाडौँद्वारा बिहीबार विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उहाँले बाल सङ्गठनलाई नयाँ ढङ्गले पुनर्जीवित गरेर अगाडि बढाउन सके बालबालिकाको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिने धारणा राख्नुभयो । उहाँले सङ्गठनका विभिन्न जिल्लामा भएका संरचना उपयोगमा ल्याई अगाडि बढ्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री कार्कीले बालबालिका हाम्रो भविष्य र हाम्रो सपना भएकाले उनीहरूलाई असल संस्कार र समाजप्रति उत्तरदायी बनाउनका लागि सङ्गठनले सहयोगी भूमिका खेल्नुपर्ने उल्लेख गर्नुभयो । प्रदेशस्थित सङ्गठनको भौतिक संरचना र सम्पत्तिको अध्ययन गरी प्रतिवेदन पेस गर्न सामाजिक विकास मन्त्रालयलाई उहाँले निर्देशन दिनुभयो ।

मुख्यमन्त्री कार्कीले प्रतिवेदनका आधारमा आगामी

*बाँकी अन्तिम पृष्ठमा*


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु ।**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं.
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं.
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं.
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं.
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं.
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं.
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं.
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं.
- झुल लगायर खाटमा मात्र सुतौं ।

सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ‘एआई नीति, २०८२’ स्वीकृत गर्ने सरकारको निर्णय

काठमाडौँ, २९ साउन (रासस) । सरकारले ‘राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति, २०८२’ स्वीकृत गर्ने निर्णय गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पेस गरेको उक्त निर्णयलाई साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्तासमेत रहनुभएको सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत ‘एआई नीति, २०८२’ स्वीकृत गर्ने निर्णय सार्वजनिक गर्नुभएको हो । राष्ट्रिय समाचार समिति (रासस) को रिक्त महाप्रबन्धक पदमा पाँचथरका सन्दिप राईलाई नियुक्त गर्ने सरकारको निर्णय रहेको उहाँले जानकारी दिनुभयो ।

प्रवक्ता गुरुङका अनुसार नागढुङ्गा सुरुङमार्गको उपभोग दस्तुर तोक्ने सरकारले निर्णय गरेको छ । “जसमा ( कार/भ्यानको काठमाडौँ आउँदा रु ६५ र जाँदा रु ६०, मिनी बस/ट्रकको काठमाडौँ आउँदा रु ११५ र जाँदा रु ८०, बस/ट्रकको काठमाडौँ आउँदा रु २६० र जाँदा रु २००, भारी उपकरणको काठमाडौँ आउँदा रु ६०० र जाँदा रु २५०) शुल्क तोकिएको छ”, उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री गुरुङले ‘अ स्टडी टुर अन इन्टर-गर्भरमेन्टल कोअपरेसन एण्ड कम्पिटिसन इन द स्वीस फेडरल सिस्टम’ विषयक कार्यक्रममा सहभागी हुन आगामी भदौ १५ देखि २१ गतेसम्म मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको स्वीट्जरल्याण्ड भ्रमण स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको बताउनुभयो ।

आगामी असोज ६ गतेदेखि १० गतेसम्म फिलिपिन्समा आयोजना हुने ‘एसिया अर्गनाइजेसन अफ सुप्रिम अडिट इन्सच्युसन्स (एएसओएसएआइ) ब्रेकिङ अप्सकल्ड एसएआइ सर्पोट (बियुएसएस) वर्कसपमा सहभागी हुन उपमहालेखा परीक्षक बिन्दु बिष्टलाई स्वीकृति दिने, दक्षिण कोरिया सरकारबाट गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास परियोजनाका लागि प्राप्त हुने ९० लाख अमेरिकी डलर ( करिब रु एक अर्ब २५ करोड नेपाली रूपियाँ) अनुदान सहायता स्वीकृत गर्ने, चालु आर्थिक वर्षका लागि मोटा धानको प्रतिक्विन्टल तीन हजार ४६३ रुपैयाँ ८१ पैसा र मध्यम धानको प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा न्यूनतम समर्थन मूल्य तोक्ने सरकारको निर्णय रहेको प्रवक्ता गुरुङले जानकारी दिनुभयो ।

आगामी भदौ ३१ देखि असोज २ गतेसम्म गणतन्त्र कोरियाको सिओल सहरमा आयोजना हुने ‘ग्लोबल इन्फास्टक्चर कोअपरेसन कन्फ्रेन्स २०२५’ मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई सहभागिताका लागि स्वीकृति दिने, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त विज्ञ सदस्यमा डा रमेशप्रसाद चौलागाइँ ( भक्तपुर)लाई नियुक्त गर्ने, नेपाल सरकारको नाममा दर्ता कायम रहेको बाजुरा जिल्ला साविक बाँध गाविस-४ को सात हजार ४८५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा प्रशासकीय भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको तेह्थुम जिल्ला साविक सहकारी तथा गरिबी म्याङलुङ गाविस-९ को ०-१४-०-२ जग्गा राष्ट्रिय अनुसन्धान निवारण मन्त्रालय जिल्ला कार्यालय तेह्थुमको कार्यालय भवन निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिने, बाजुरा जिल्ला साविक बाँध गाविस वडा नं ४ को २३०५५ वर्गमिटर जग्गा धुलाचौर स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ ।

आगामी भदौ २४ देखि २६ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना हुने ‘मिनिस्ट्रियल राउण्ड टेबल, सेसन डुइरिङ द एसिया-प्यासिफिक रिजनल रोड सेफ्टी कन्फ्रेन्स’मा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई स्वीकृति प्रदान गर्ने, नेपाली सेनाका एकजना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने र एक जना सहायक रथीको पदावधि थप गर्ने, ‘स्कुल मिल्स् कोअलिसन’को आयोजनामा ब्राजिलको फोर्टालेजामा आगामी असोज २ देखि ३ गतेसम्म आयोजना हुने ‘सेकेण्ड ग्लोबल समिट अफ स्कुल मिल्स्’मा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको उहाँले उल्लेख गर्नुभयो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (भैँसेपाटी), व्यावसायिक प्रशिक्षण केन्द्र (बुटवल) र व्यावसायिक प्रशिक्षण केन्द्र ( इटहरी)का लागि आव २०८२/८३ मा आवश्यक पर्ने अधिकृतस्तरका सात सय २५ अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्रिपरिषद्का निर्णय रहेका प्रवक्ता गुरुङले जानकारी दिनुभयो ।

आगामी असोज ७ देखि १७ गतेसम्म क्यानडाको मन्ट्रियलमा आयोजना हुने ‘इन्टरनेसनल सिभिल एभिएसन अर्गनाइजेसन ( आइसिएओ) को फोर्टी सेकेण्ड सेसन अफ द एसेम्बली’मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिने, सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने र ‘सेवा प्रदायकमार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्नेसम्बन्धी निर्देशिका-२०८२’ स्वीकृत गर्ने सरकारले निणर्य गरेको उहाँले बताउनुभयो ।

# एमसिए-नेपालअन्तर्गत विद्युत् प्रसारणलाइन निर्माणमा सम्झौता

काठमाडौँ, २९ साउन (रासस) । मिलेनियम च्यालेन्ज एकाउण्ट (एमसिए) नेपालले नेपाल र संयुक्त राज्य अमेरिका सरकारको संयुक्त लगानीमा सञ्चालित ‘कम्प्याक्ट’को विद्युत् प्रसारण आयोजनालाई अगाडि बढाउने क्रममा दुई प्रमुख सम्झौतामा हस्ताक्षर गरिएको छ ।

एमसिए-नेपालले प्रतिस्पर्धात्मक अन्तरराष्ट्रिय बोलपत्र प्रक्रियाबाट बिहीबार एक समारोहबीच रातमाटे-नयाँ दमौली प्रसारणलाइनको निर्माण सम्झौता एञ्जेलिक स्किपर संयुक्त उपक्रमसँग र नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माण सम्झौता वाइबा-सलासर संयुक्त उपक्रमसँग गरेको हो ।

संयुक्त लागत १५ दशमलव ४५ करोड अमेरिकी डलर रहेका यी सम्झौताअन्तर्गत १८० किमी लामो ४०० केभी प्रसारणलाइनको डिजाइन, स्थापना, परीक्षण, सञ्चालनलगायत काम गरिनेछ ।

अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, एमसिसीका कार्यवाहक उपाध्यक्ष, एमसिसी आवासीय राष्ट्रिय नियोगका प्रतिनिधि, अमेरिकी दूतावासका अधिकारीहरूको समुपस्थितिमा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र उक्त दुई कम्पनीका प्रतिनिधिले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ ।

“यी सम्झौतामा हस्ताक्षर गरी एमसिसीले पारस्परिक प्राथमिकता र नेपालको विकास लक्ष्यमा संयुक्त राज्य अमेरिकाको सहयोगलाई पुनः पुष्टि गरेको छ”, एमसिसीका कार्यवाहक उपाध्यक्ष जोन विङ्गलले भन्नुभयो, “नेपालमा बिजुलीको उपलब्धता र विश्वसनीयतामा सुधार गर्नुका साथै क्षेत्रीय विद्युत् व्यापार र अन्तरआवद्धता अभिवृद्धि गर्न नेपाली समकक्षीसँगको सहकार्य र समन्वयमा काम गर्न पाउँदा गौरवान्वित भएका छौँ ।”

अर्थ मन्त्रालयका सचिव तथा एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष घनश्याम उपाध्यायले प्रसारणलाइन र सबस्टेसन निर्माणसम्बन्धी नेपाल सरकारको योजनालाई कार्यान्वयन गर्न अमेरिकी सरकारबाट प्राप्त आर्थिक सहयोगको सराहना गर्दै यस कार्यक्रमका लागि सरकारी सहयोग निरन्तर रहने बताउनुभयो ।

“आज भएको निर्माण सम्झौता एउटा उपलब्धि मात्र नभई नेपालको विकास र समृद्धिप्रति अमेरिकाको स्थायी प्रतिबद्धताको मूर्तकृ॰ प्रतिक हो”, नेपालस्थित अमेरिकी दूतावासका नियोग उपप्रमुख जेसन मिक्सले भन्नुभयो, “यस साझेदारीमार्फत हामी विद्युत् प्रसारणलाइन र आर्थिक पूर्वाधार मात्र निर्माण गरिरहेका छैनौँ, नेपालको दीर्घकालीन विकासलाई पनि तीव्र पारिरहेका छौँ । एमसिसी कम्प्याक्ट नेपाल र अमेरिकाबीचको सहकार्यको आधारशीला हो । सम्पूर्ण नेपाली नागरिकलाई लाभान्वित गर्दै सहकार्यबा माध्यमबाट अगाडि बढ्न पाउँदा गर्वको अनुभूति गरिरहेका छौँ ।”

एमसिए-नेपालका कार्यकारी निर्देशक विष्टले भन्नुभयो, “कम्प्याक्टलाई अगाडि बढाउन अमेरिकी सरकारबाट भइरहेको निरन्तर सहयोग र पछिल्लो अनुमतिको हामी सराहना गर्छौं । आजको यो महत्त्वपूर्ण उपलब्धिमा यस राष्ट्रिय गौरव आयोजनाप्रति नेपाल सरकार र सबै सरोकार भएकाको साझा प्रतिबद्धता प्रतिविम्बित भएको छ । हामी दिगो सहकार्य गर्दै सफल कार्यान्वयनमा केन्द्रित छौँ ।”

एमसिसी नेपाल कम्प्याक्ट निजी क्षेत्रको लगानी अभिवृद्धिका लागि सकारात्मक वातावरण निर्माण गर्दै नेपालको दीर्घकालीन आर्थिक विकासका क्षेत्रमा गरिएको ६९ करोड ७० लाख अमेरिकी डलरको ऐतिहासिक लगानी हो । विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना कार्यान्वयन गरी महत्त्वपूर्ण पूर्वाधार सुदृढीकरण, सीमापार ऊर्जा व्यापार अभिवृद्धि र नेपालको यातायात सञ्जालमा सुधार गरेर अन्तरआवद्धता विस्तार गर्दै आर्थिक वृद्धिमा टेवा पुऱ्याउन एमसिसी नेपाल कम्प्याक्ट तयार गरिएको हो ।

अमेरिकी सरकारबाट पछिल्लो समयमा वैदेशिक सहायता समीक्षा सम्पन्न भएपछि दुवै सरकारको साझा प्रतिबद्धताका साथ मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्ट पुनः सक्रिय भएको हो । यो उपलब्धिले नेपालमा सञ्चालन भइरहेका रूपान्तरणकारी पूर्वाधार निर्माणसम्बन्धी साझेदारीमध्ये एक एमसिसी नेपाल कम्प्याक्टको सफल कार्यान्वयनप्रति दुवै सरकारको प्रतिबद्धताको पुष्टि गरेको छ ।

मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) आर्थिक वृद्धिमार्फत विश्वव्यापी गरिबी घटाउन काम गर्ने स्वतन्त्र अमेरिकी सरकारी निकाय हो । सन् २००४ मा स्थापना गरिएको एमसिसीले सुशासन, भ्रष्टाचार नियन्त्रण, लोकतान्त्रिक अधिकारप्रति सम्मानलगायत महत्त्वपूर्ण मापदण्डहरू पालना गर्ने राष्ट्रहरूलाई समयसीमायुक्त अनुदान र सहायता प्रदान गर्दछ ।

यसैगरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति ( एमसिए-नेपाल) नेपाल सरकारले एमसिसी नेपाल कम्प्याक्टअन्तर्गतका आयोजनाहरू कार्यान्वयनका लागि विसं २०७५ वैशाखमा विकास समिति ऐन, २०१३ अन्तर्गत गठन गरिएको सरकारी स्वामित्वको कानूनी निकाय हो ।

## विश्व समाचार

# सङ्क्रमित फेन्टानिलका कारण ८७ जनाको मृत्यु

ब्युनस आयर्स, अर्जेन्टिना, २९ साउन (रासस/एएफपी) । अर्जेन्टिनाका विभिन्न अस्पतालमा ब्याक्टेरियाबाट सङ्क्रमित फेन्टानिलको मात्रा बिरामीलाई दिँदा कम्तीमा ८७ जनाको मृत्यु भएको छ ।

गत मेदेखि एक अदालतले क्लेबसिएला निमोनिया र राल्स्टोनिया पिकेटी नामक ब्याक्टेरियाबाट सङ्क्रमित औषधिको प्रयोगका कारण कति जनाको मृत्यु भएको हो भन्ने पत्ता लगाउने प्रयास गरिरहेको छ । त्यसयता मृतकका परिवारका सदस्यले न्यायको माग गर्दै अस्पतालबाहिर प्रदर्शन गरेका छन् ।

अर्जेन्टिनाको औषधि नियामक निकाय अनमतले दायर गरेको उजुरीका आधारमा अनुसन्धान सुरु भएको हो । उजुरीमा सङ्क्रमित औषधिका कारण अस्पतालमा उपचार गराइरहेका बिरामीको समस्या बढेको र केहीको मृत्युसमेत हुनपुगेको अनमतका एक कर्मचारीले नाम नबताउने शर्तमा एएफपीलाई बताए।

अनुसन्धानको नेतृत्व गरिरहेका न्यायाधीश अर्नेस्टो क्रेप्लाकले बुधबार प्रकाशित एक लेखमा ब्युनस आयर्स शहर र अन्य तीन प्रान्तमा मृत्यु बिरामीको मृत्यु भएको बताएका छन् ।

कम्तीमा २४ जनालाई सोधपुछ गरिएको छ र उनीहरूको सम्पत्ति अदालतले जफत गरेको छ । एचएलबी फर्मा र रामालो ल्याबोरेटरीजका मालिक एरियल फर्फारो गार्सियालाई औषधिको प्रयोगमा सावधानी नअपनाएको भन्दै पक्राउ गरिएको छ ।

उहाँले उक्त दाबीको खण्डन गर्नुभयो र एक पूर्व सहकर्मीले मिडियामा यसबारे अफवाह फैलाएको आरोप लगाउनुभयो । गार्सियाले दैनिक पत्रिका क्लारिनसँग भन्नुभयो, “यो मिडियाले मनगढन्ते आरोप लगाएको छ। सबै क्लिनिकल हिस्ट्रीले बिरामीहरूमा अन्य अधिक खतरनाक ब्याक्टेरियाहरू थिए र उनीहरू गम्भीर स्वास्थ्य समस्या भएका व्यक्तिहरू थिए ।”

‘द नेशन’का अनुसार देशका आठ वटा अस्पताल र स्वास्थ्य केन्द्रमा सङ्क्रमित औषधिको पाँच वटा ‘ब्याच’ वितरण गरिएको छ, र अनुसन्धानका क्रममा २०० अस्पतालको ‘क्लिनिकल हिस्ट्री’ हेरिएको छ ।

दुई साताअघि ब्युनस आयर्सबाट ६० किलोमिटर दक्षिणमा पर्ने ला प्लाटामा रहेको इटालियन अस्पतालबाहिर मृतकका आफन्तले प्रदर्शन गर्दै ‘फेन्टानिल पीडितका लागि न्याय’ को माग गरेका थिए । अलेजान्ड्रो अयालाले ३२ वर्षको उमेरमा आफ्ना भाइ लियोनेलको मृत्यु भएको एएफपीसँग बताउनुभयो । उहाँले भन्नुभयो, “फेन्टानिलका कारण केही दिनमै उहाँको मृत्यु भएको हो ।”

विशेषज्ञहरूले नयाँ मेडिकल रेकर्डहरूको समीक्षा गरिएको र अस्पतालहरूमा सङ्क्रमितको सङ्ख्या पुष्टि गरिएको छ। यद्यपि, आजसम्मका कुनै पनि मृत्यु फेन्टानिलसँग सम्बन्धित भएको रिपोर्ट गरिएको छैन ।

अर्जेन्टिनाको संसद्ले बुधबार यस मुद्दासँग सम्बन्धित २६ वटा प्रश्न सरकारको कार्यकारी शाखामा पेश गरेको छ, तर त्यसको जवाफका लागि कुनै समयसीमा तोकिएको छैन ।

# इटालीमा डुङ्गा डुब्दा कम्तीमा २७ जना आप्रवासीको मृत्यु

लम्पेडुसा, इटाली, २९ साउन (रासस/एएनआई) । इटालीको टापु लम्पेडुसाको तटमा बिहीबार डुङ्गा दुर्घटना हुदाँ कम्तिमा २७ जना आप्रवासी तथा शरणार्थीहरू डुबेको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) फिलिपो ग्रान्डीले विज्ञप्तिमार्फत जनाउनुभएको छ ।

सामाजिक सञ्जाल एक्समा ग्रान्डीले सन् २०२५ मा मध्य भूमध्यसागरमा ७०० भन्दा बढी शरणार्थी र आप्रवासीले ज्यान गुमाएको बताउनुभएको छ । उहाँले घटनाको पुष्टि गर्दै समुद्रमा उद्धार, सुरक्षित मार्गहरू, ट्रान्जिट देशहरूलाई मद्दत गर्ने र घटनालाई सम्बोधन गर्नु पर्ने जनाउनुभएको छ ।

युएनएचसीआर इटालीका सञ्चार अधिकारीका अनुसार एजेन्सीले हाल भग्नावशेषबाट जिवित मानिसहरूलाई सहयोग गरिरहेको छ ।

उनीहरुले यस वर्ष मात्र मध्य भूमध्यसागरमा ६७५ जनाको मृत्यु भएको रेकर्ड गरिएको बताएका छन् । आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) को भूमध्यसागरका लागि समन्वय कार्यालय प्रवक्ता फ्लेभियो डि गियाकोमोले घटनाहरूको विवरण दिनुभएको छ ।

सामाजिक सञ्जाल एक्समा जियाकोमोले करिब ९५ जना लिबियाबाट दुई डुङ्गामा गएका तर एउटा जहाज डुब्न थालेपछि सबै यात्रुहरू अर्को डुङ्गामा चढ्दा अत्यधिक भारका कारण डुङ्गा पल्टिएको जनाइएको छ । दुर्घटनामा परेर बाँचेका ६० जना व्यक्तिहरूलाई उद्धार गरिएको तथा ३५ जना बेपत्ता भएको आशङ्का गरिएको जियाकोमोले स्पष्ट पार्नुभयो ।

इटालीस्थित आइओएमको भूमध्यसागरीय समन्वय कार्यालयबाट प्राप्त तथ्याङ्कअनुसार यस वर्ष अगस्ट १३ सम्म भूमध्य मार्गमा कम्तीमा ९६२ आप्रवासीको मृत्यु भएको छ भने मध्य भूमध्यसागरमा ६७५, पश्चिमी भूमध्यसागरमा १५५ र पूर्वी भूमध्यसागरमा १३२ जनाको मृत्यु भएको छ । सन् २०१४ देखि मध्य भूमध्य मार्गलाई आइओएमले विश्वको सबैभन्दा घातक मार्गको रूपमा पहिचान गरेको छ, जसमा २५ हजार २६० भन्दा बढी मानिसको हताहत भएको रिपोर्ट गरिएको छ । आइओएमले वास्तविक मृत्युको सङ्ख्या अझै बढी हुन सक्ने चेतावनी दिएको छ ।

# विपद व्यवस्थापन कार्ययोजना निकै नै महत्वपूर्ण र चुनौतीपूर्ण : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**
मधेश प्रदेशका गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले विपद व्यवस्थापन कार्ययोजना ज्यादै नै महत्वपूर्ण र चुनौतीपूर्ण रहेकोले सबैको सहयोग आवश्यक रहेको बताएका छन् ।

गृह, संचार तथा कानुन मन्त्रालयले बिहीबार जनकपुरमा आयोजना गरेको विपद (सुख्खा) संकटग्रस्त प्रतिकार्य कार्ययोजना तर्जुमा कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

मन्त्री लेखीले दातृ निकायका प्रतिनिधि, सुरक्षा निकाय लगायत बिभागिय मन्त्रालयलाई सहकार्य गर्न आग्रह गर्दै कार्यक्रममा आएका सुझाव र उठेका कुराहरुलाई समेट्ने गरि विपद व्यवस्थापनको बैठकमा निर्णय गर्ने बताए ।

कार्यक्रममा विश्व स्वास्थ्य संगठनका डा.प्रगट अर्यालले विपदका बेला शिक्षा, स्वास्थ्य र पोषण पनि नराम्ररी प्रभावित हुने बताए ।

कार्यक्रममा विश्व खाद्य सुरक्षा संस्थाका कृष्ण माझीले कृषि तथा खाद्य सुरक्षा संग सम्बन्धित प्रस्तुतिकरण गरेका थिए भने उर्जा, सिचाइ तथा खानेपानी मन्त्रालयका ईन्जिनियर सम्झना लामिछानेले पनि आफ्नो कार्यपत्र एवं अनुभव प्रस्तुत गरेका थिए ।

कार्यक्रममा खुल्ला सत्रमा आधा दर्जन सरोकारवालाहरुले सुख्खाको सामना र उद्धारका उपायहरुका बारेमा आफ्ना भनाइ राखेका थिए ।

# जसपा र रामुपाबीच कार्यगत एकता




**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**
उपेन्द्र यादवबाट छुट्टिएर बनेको अशोक राईको जनता समाजवादी पार्टी र राजेन्द्र महतोले नेतृत्व गरिरहेको राष्ट्रिय मुक्ति पार्टीले कार्यगत एकताको घोषणा गरेका छन् ।

बिहीबार काठमाडौंको नयाँ बानेश्वरस्थित कृष्णभोग पार्टी प्यालेसमा आयोजित विशेष कार्यक्रममार्फत दुई दलले मिलेर जाने अठोट गरेका हुन् । अहिले कार्यगत एकता गरेका दुई दल क्रमशः एकताको तहमा पुग्ने जनाइएको छ ।

एकता घोषणा सभामा दुवै पार्टीका अध्यक्षले संयुक्त रूपमा अध्यक्षता गरेका थिए । त्यसपछि दुवै अध्यक्षले एकता सम्बन्धी प्रतिवेदन आदान प्रदान गरे ।

कार्यक्रममा जसपाका संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठ, उपाध्यक्ष रेणुकुमारी यादव, महासचिव मोहम्मद इस्तियाक राई, पूर्वमन्त्री वीरेन्द्र महतो, आङकाजी शेर्पा, राष्ट्रिय मुक्ति पार्टीका उपाध्यक्ष केशवकुमार झा, कमला कुमारी गुरुङ, सुमन सायमी लगायतका नेता कार्यकर्ता सहभागी थिए ।

# धनुषामा गोली प्रहार गरी दुईजना लागूऔषध कारोबारी पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, २९ साउन ।**
धनुषामा गोली प्रहार गरी प्रहरीले दुई जना लागूऔषध कारोबारीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मिथिला नगरपालिका-२ का पप्पु साह र सेली देवी राम रहेका छन् ।

दुवैलाई बुधबार मिथिला नगरपालिका-२ नक्टाभिजबाट प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको हो ।

उनीहरूका साथबाट प्रहरीले दुई सय ग्राम ब्राउनसुगर बरामद गरेको धनुषाका प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए ।

उनका अनुसार प्रहरीले गोप्य सूचनाको आधारमा बा८७ञा ९६७ नंको मोटरसाइकल चेक गर्दा भाग्न खोजेपछि प्रहरीले दुई राउन्ड गोली प्रहार गरेको थियो ।

प्रहरीले एक राउन्ड हवाई फायर गर्दा पनि नरोकिएपछि अर्को राउन्ड प्रहार गर्दा पप्पुको खुट्टामा लागेको थियो । घाइतेको जानकी मेडिकल कलेज रमदैयामा उपचार भइरहेको छ ।

### *मधेशमा ...*

संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

यस क्रममा उनीहरुले स्थानीय सरोकारवालासँग छलफल गर्ने, नमुना परीक्षण गर्ने र तथ्याङ्क संकलन गर्ने योजना बनाएका छन् ।

सर्वेक्षणका आधारमा तयार हुने प्रतिवेदनबाट भूगर्भीय पानीको दिगो व्यवस्थापन र पानीको अभाव समाधानका लागि ठोस योजना निर्माणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

# काठमाडौं तराई/मधेस द्रूतमार्ग आयोजना : ४३ प्रतिशत काम सम्पन्न

काठमाडौं, २९ साउन (रासस) ।
रक्षामन्त्री मानवीर राईले स्थानीयवासीको भावनाअनुसार काठमाडौं तराई/मधेस द्रूतमार्ग आयोजनाअन्तर्गत खोकना क्षेत्रको जग्गा प्राप्तिमा प्रक्रियाअघि बढाइने स्पष्ट पार्नुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबारको बैठकमा उहाँले द्रूतमार्ग अन्तर्गत उपत्यकाबाहिर जग्गा अधिग्रहण सम्पन्न भइसकेकाले खोकना क्षेत्रमा पनि सहमति गरेरै अघि बढ्ने योजना रहेको सुनाउनुभयो ।

"जनताको आवाज सुन्नुपर्छ भन्नेमा सरकार र नेपाली सेना स्पष्ट छ, केही सहमति गरेर टुङ्ग्याउन पाए हुन्थ्यो भन्ने छ", मन्त्री राईले भन्नुभयो, "छलफलबाटै समाधान निकालौं भनेर सरकार बसिरहेको छ, तर खोकनाको जग्गा सम्बन्धमा अझै केही अफवाह फैलाइएको छ, त्यस्तो होइन ।" काठमाडौं उपत्यकाबाहेक निजगढसम्म जग्गा प्राप्ति भइसकेको जानकारी दिँदै उहाँले खोकना क्षेत्रमा करिब ३७ प्रतिशत जग्गा अघिग्रहण गर्नुपर्ने बताउनुभयो । "खोकना क्षेत्रमा जग्गा प्राप्तिका लागि आन्तरिक छलफल गरिएको छ", उहाँले भन्नुभयो ।

निर्धारित समयमै द्रूतमार्ग आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ काम अघि बढिरहेको स्पष्ट पार्दै मन्त्री राईले भन्नुभयो, "निर्धारित मिति नआइकन आयोजना सम्पन्न हुँदैन भन्न त नमिल्ला, तर सो समयमा सक्न निकै कठिन छ, तर मेलम्ची आयोजना जति चै लम्बिँदैन ।"

खाँदबारी-किमाथाङ्का सडकको ट्र्याक खोल्नेकार्य सम्पन्न भएको जानकारी दिँदै उहाँले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो सडक चिनियाँ सहयोगमा कालोपत्रे गर्ने बारेमा छलफल हुने बताउनुभयो । हुम्लाको सिमकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको उल्लेख गर्दै उहाँले सेनाको जिम्मेवारीमा रहेका आयोजनाको प्रगति गर्व गर्न लायक रहेको स्पष्ट पार्नुभयो ।

प्रधान सेनापति अशोकराज सिग्देलले निर्धारित समयभित्रै द्रूतमार्ग आयोजना सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । "अहिले करिब ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ, अब हुने काम छिटो सकिने खालका छन्", उहाँले भन्नुभयो, "धेरै काम वातावरणीय प्रभाव मूल्याङ्कन र बोलप आह्वानमा खर्च भएको छ, आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान भए परियोजना निर्धारित समयमै सम्पन्न हुन्छ ।"

प्रधान सेनापति सिग्देलले द्रूतमार्गको काठमाडौंतर्फको प्रवेश विन्दुका रूपमा रहेका खोकना क्षेत्रको सांस्कृतिक पक्षलाई जोगाएर आयोजना अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको स्पष्ट पार्नुभयो । "यदि खोकना प्रवेश विन्दुमा आउन नसकेको अवस्थामा पनि बिकल्प तयार गरिएको छ", उहाँले भन्नुभयो, "प्रवेश बिन्दुमा सवारी साधन कसरी प्रवेश गर्ने र निस्कने भन्ने उपाय खोजिएको छ ।"

सांसदहरूले रणनीतिक महत्वको द्रूतमार्ग आयोजना निर्धारित समयभित्रै सम्पन्न गर्नुपर्ने, आयोजना निर्माणमा देखिएको समस्या समाधान गर्न सरकाले पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

# मधेस प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिले बढुवामा समस्या

जनकपुरधाम, २९ साउन (रासस) ।
मधेस प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिका कारण मधेस प्रदेश अन्तर्गतका १०औं तहका कर्मचारीको बढुवामा समस्या देखिएको छ ।

सङ्घबाट प्रदेशमा आएका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यक्ता नरहेको मधेस प्रदेश निजामति ऐन २०७७ को दफा नं १२५मा उल्लेख छ । सो ऐनमा सङ्घबाट समायोजन भएर आएका कर्मचारीलाई सङ्घीय सरकारले दिएको सेवा सुविधा सरह प्रदेश सरकारले दिने जनाइएको छ । सङ्घीय निजामती सेवा ऐनमा पनि स्वास्थ्यतर्फका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यक्ता नरहेको उल्लेख छ । तर, मधेस प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका कर्मचारीलाई सेवाकालीन तालिम नभएसम्म बढुवा नहुने प्रावधान राखेपछि बढुवा अवधि पुगेका १०औं तहका कर्मचारी समस्यामा परेका हुन् ।

सो समस्याबाट पीडित वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर झाले सङ्घबाट आएका कर्मचारीलाई सेवाकालीन तालिमको आवश्यक्ता नरहेको मधेसको निजामती सेवा ऐनमा उल्लेख भएपनि सेवाकालीन तालिमको विषय राखेर बढुवामा रोक लगाउनु न्यायोचित नभएको गुनासो गर्नुभयो ।

यस विषयमा आफूले प्रदेश लोक सेवा आयोगमा उजुरीसमेत दर्ता गराएर सो विषय हटाउन तथा बढुवाको प्रक्रिया अगाडि बढाउन माग गरेको जानकारी दिनुभयो ।

यसअघि मधेस प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका सेवाकालीन तालिम नपाएका छैटौं देखि ११औं तहसम्मका २० भन्दा बढी कर्मचारी बढुवासमेत गरिएको थियो ।

उच्च अदालत जनकपुरले पनि प्रदेशमा समायोजन भएर आएको कर्मचारीलाई सेवाकालीन तालिमको आवश्यक्ता नरहेकोले प्रदेशका कर्मचारीले सो अदालतमा गरेको निवेदनको आधारमा बढुवा गर्न फैसला गरेको नजिर रहेको वरिष्ठ स्वास्थ्य प्रशासक झाको भनाइ छ ।

### *'बाल सङ्गठनलाई ...*

दिनमा प्रदेश सरकारले आफ्ना नीति र कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सङ्घीय सरकारको हातेमालोबाट मात्रै प्रदेशमा बाल सङ्गठनलाई अगाडि बढाउन सकिने धारणा राख्नुभयो ।

नेपाल बाल सङ्गठनकी केन्द्रीय अध्यक्ष विद्या उपाध्याय न्यौपानेले सङ्गठनको नाममा रहेको झापाको सरणामतीस्थित जग्गामा बालग्राम निर्माण गर्न प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

सङ्गठनका मोरङका अध्यक्ष नवीन पहाडी र उदयपुर अध्यक्ष भुवन दाहालले असाहय बालबालिकाको उचित शिक्षा दिनुका साथै उनीहरूको सर्वाङ्गीण विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । एक दिने भेलामा प्रदेशका १३ जिल्ला सङ्गठनका अध्यक्ष, सचिव, बालबालिकाका क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*